# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, वैशाख ३१ गते, २०८३ साल (संख्या १

## भाग २

### गण्डकी प्रदेश सरकार

### भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयको सूचना

#### गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) (दोस्रो संशोधन) नियमावली,२०८३

गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १३ को प्रयोजनको लागि दफा २२१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस नियमावलीको नाम "गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) (दोस्रो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

२. **<u>गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली २०८२ को नियम २ मा संशोधनः</u>** गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली २०८२ (यसपछि मूल नियमावली भनिएको) को नियम २ को,-

(१) खण्ड (ढ) मा रहेको "सम्झनुपर्छ" भन्ने शब्दको पछि "र सो शब्दले सेल्फ ड्राईभ सेवा सञ्चालन गर्ने फर्म वा कम्पनी समेतलाई जनाउँछ।"भन्ने शव्दहरू थपिएका छन्।

(२) खण्ड (ढ) पछि देहायको खण्ड (ण) थपिएको छः-

"(ण) "राईड सेयरिङ भाडाको कार" भन्नाले यस नियमावलीको नियम ३ बमोजिम राईड सेयरिङ प्रयोजनका लागि दर्ता गरिने चालक सहित पाँच सिट भएका चारपाङ्ग्रे भाडाका कारलाई सम्झनुपर्छ र यस्ता सवारी साधनले ट्याक्सी लेख्न पाइने छैन।"

३. **<u>मूल नियमावलीको नियम ३ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (२) को खण्ड (झ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर सेल्फड्राईभ सेवाको हकमा एपको व्यवस्था लागु हुने छैन।"

(२) उपनियम (५) को खण्ड (घ) मा रहेका "र नवीकरण शुल्क" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) उपनियम (६) को सट्टामा देहायको उपनियम (६) राखिएको छः-

"(६) यस नियमावली लागु हुनुपूर्व प्रचलित कानून बमोजिम दर्ता भई राईड सेयरिङ वा सेल्फ ड्राईभ सेवा सञ्चालन गरिरहेको भएमा वा आफ्नै एप मार्फत यातायात सेवा सञ्चालन गरिरहेको भएमा त्यस्ता सेवा प्रदायकले समेत मन्त्रालयले भाडादर निर्धारण गरेको मितिले तीस दिनभित्र अनिवार्य रुपमा दर्ता इजाजत लिई सेवा सञ्चालन गर्नु पर्नेछ।"

(४) उपनियम (८) पछि देहायका उपनियम (९), (१०), (११) र (१२) थपिएका छनः-

"(९) उपनियम (८) बमोजिम राईड सेयरिङ सेवा सञ्चालनका लागि एक कम्पनीलाई चारपाङ्ग्रे सवारी साधनको हकमा बढिमा तीन सय सवारी साधन कम्पनीले आफ्नै स्वामित्व वा अन्य सवारी धनीको सवारी साधन कम्पनीमा पञ्जीकृत गरेमा कम्पनीको सिफारिसमा दर्ता गरी इजाजतपत्र दिइनेछ।"

तर यो नियमावली लागु हुनु भन्दा पहिले गण्डकी प्रदेशमा साविकमा ट्याक्सीको रुपमा दर्ता भएका सवारी साधनको हकमा तीन सय भन्दा बढी सवारी साधन कम्पनीको नाउँमा पञ्जीकृत भएका कम्पनीलाई हाल सञ्चालनमा रहेका सङ्ख्यामा नबढ्ने गरी र अन्य तीन सय भन्दा कम सवारी साधन कम्पनीको नाउँमा पञ्जीकृत भएका कम्पनीलाई बढीमा तीन सयमा नबढ्ने गरी राईड सेयरिङ सेवा सञ्चालनका लागि इजाजतपत्र प्रदान गर्न बाधा पर्ने छैन।

"(१०) यस नियमावली बमोजिम राईड सेयरिङ सेवा सञ्चालनका लागि नेपालमा पैठारी, उत्पादन, एसेम्बल वा रुपान्तरण भएको सवारीको कुनै मोडललाई कार्यालयले राईड सेयरिङ सेवा सञ्चालनका लागि मात्र भनी नेपाल सरकारको ट्याक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८१ बमोजिम ट्याक्सीको चेकजाँच तथा दर्ता गरी राईड सेयरिङ भाडाको कारको रुपमा राईड सेयरिङ सेवा सञ्चालनका लागि इजाजत पत्र दिन सक्नेछ। राईड सेयरिङ सेवा प्रयोजनका लागि दर्ता भएका भाडाको कारमा मिटर जडान गर्नुपर्ने छैन र ट्याक्सीका अन्य पहिचान संकेतहरु प्रयोग गर्न पाउने छैन।"

तर राईड सेयरिङ प्रयोजनका लागि दर्ता भएको सवारी साधन अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन।

"(११) उपनियम १० बमोजिम राईड सेयरिङ सेवा सञ्चालनका लागि मात्र भनी भाडाको कार दर्ता गरी इजाजत दिइएका सवारी साधन राईड सेयरिङ सेवाबाट अलग भएमा उपनियम (१०) बमोजिम दर्ता इजाजत स्वतःखारेज हुनेछ।"

(१२) उपनियम (९) बमोजिम राईड सेयरिङ सेवा सञ्चालनका लागि दर्ता गरी इजाजत दिने सवारी साधनहरुको संख्यामा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी घटीबढी गर्न

सक्नेछ। तर प्रदेश सरकारबाट घटिबढीको सीमा निर्धारण नहुँदासम्म कार्यालयलाई राईड सेयरिङ प्रयोजनको लागि भाडाको कार दर्ता गरी इजाजत दिन बाधा पर्ने छैन।"

**४.** **मूल नियमावलीको नियम १० मा संशोधनः** मूल नियमावलीको नियम १० को,-

**(१)** उपनियम (१) को खण्ड (क) को उपखण्ड (२) को सट्टामा देहायको उपखण्ड (२) राखिएको छः-

"(२) पेट्रोलियम इन्जिनको विस्थापन आयतन न्यूनतम पन्चानब्बे सी.सी. भएको।"

**(२)** उपनियम (२) मा रहेका "ड्राईभिङ सेवामा प्रवेश" भन्ने शब्दहरुको सट्टामा "ड्राईभ सेवा" भन्ने शब्दहरु राखिएका छन्।

**५.** **मूल नियमावलीको नियम १९ मा संशोधनः** मूल नियमावलीको नियम १९ को,-

(१) उपनियम (९) र (१०) को सट्टामा देहायको उपनियम (९) र (१०) राखिएको छः-

"(९) सेवा प्रदायक कम्पनीले सवारी धनी वा सवारी चालकबाट उपनियम (३) बमोजिमको रकमको विवरण अनसूची-८ बमोजिमको फाराम अनुसार स्वःघोषणा गरी मासिक रुपमा इजाजत लिएको कार्यालयमा बुझाउनु पर्नेछ। यसरी प्राप्त भएको रकमको विवरण ठिक भए नभएको एकिन गर्न मन्त्रालयले तोकेको तीन सदस्य रहने गरी विषय विज्ञको टोली मार्फत आर्थिक वर्ष समाप्त भएपछि कम्तीमा एक पटक सम्बन्धित कम्पनीले प्रयोग गरेको एपको अनुगमन तथा निरीक्षण गरी आर्थिक बर्ष समाप्त भएको पचहत्तर दिनभित्र प्रतिवेदन मन्त्रालयमा बुझाउनु पर्नेछ।

(१०) राईड सेयरिङ सेवा दिने सेवा प्रदायक कम्पनीले आफुले सञ्चालन गरेको एपमा प्रदेश सरकारले यात्रुलाई तोकेको शुल्कमा दश प्रतिशत छुट र सार्वजनिक विद्युतीय सवारी साधनको हकमा पन्ध्र प्रतिशतसम्म छुट दिन मिल्ने गरी एपमा व्यवस्था गर्नु पर्नेछ।

तर त्यस्तो सेवा प्रदायक कम्पनीले तोकेको शुल्क भन्दा बढी सेवा शुल्क लिएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।"

(२) उपनियम (११) पछि देहायका उपनियम (१२) र (१३) थपिएका छन्:-

(१२) उपनियम (९) बमोजिमको विषय विज्ञको टोलीलाई सम्बन्धित कम्पनीले एपको सबै प्रकारका विशेषता तथा विवरणको अनुगमन तथा निरीक्षण गर्न सहज पहुँच उपलब्ध गराउनु पर्नेछ।

(१३) उपनियम (९) बमोजिम अनुगमन तथा निरीक्षणको क्रममा स्वःघोषण गरी कार्यालयमा बुझाएको विवरण अनुसारको कर विवरण फरक भएको देखिएमा कर विवरण सहित पहिलो पटक एक सय प्रतिशत जरिवाना,दोस्रो पटक दुईसय प्रतिशत लगातार तेस्रो पटक पनि उक्त स्वघोषणा अनुसार कर विवरण फरक पारेको देखिएमा राईड सेयरिङ सेवा सञ्चालनका लागि प्रदान गरेको दर्ता इजाजत खारेज गरिनेछ।

६. **अनुसूचीमा संशोधनः** अनुसूची-७ पछि देहायको अनुसूची -८ थपिएको छः-

**अनुसूची-८**

(नियम १९ को उपनियम (९) सँग सम्बन्धित)

श्री ......................... कार्यालय

विषयः स्वःघोषणा गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा .......................................कार्यालयको इजाजत नं............ बमोजिम राईड सेयरिङ सेवा सञ्चालनका लागि इजाजत लिएको .................. कम्पनीले सञ्चालन गरेको एपको मिति .....................देखि .................................... सम्म तपसिल बमोजिमको राईड सेरियङ सेवा सञ्चालन गरेवापत कर समेतको विवरण स्वःघोषणा गरी पेस गरेको छु। यसमा स्वघोषणा गरेको विवरण तथा प्रदेश सञ्चित कोषमा दाखिला गरेको रकम र कम्पनीले राईड सेयरिङ सेवा प्रदान गरे वापत संकलित रकममा कुनै फरक छैन। यदि मन्त्रालयले तोकेको विज्ञ टोलीले अनुगमन तथा निरीक्षण गर्दा विवरणमा फरक देखिएमा वा दाखिला गर्नुपर्ने रकम कम देखिएमा कानून अनुसार सहुँला बुझाउला।

**तपसिलः**

| क्र.सं. | राईड सेयरिङ सेवामा सञ्चालित सवारीको वर्गीकरण | राइड संख्या | कारोबारमा उल्लिखित रकम(१००%) | राईडरबाट कम्पनीले सङ्कलन गरेको रकम | २ प्रतिशत संकलित रकम | संञ्चित कोषमा दाखिला गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | दुई पाङ्ग्रे सवारी साधन | | | | | | |
| २ | चारपाङ्ग्रे सवारी साधन | | | | | | |
| जम्माः | | | | | | | |

कम्पनीको अख्तियार प्राप्त व्यक्तिको नामः

पदः

दस्तखतः

कम्पनीको छापः

मितिः

आज्ञाले

ई.कमल कुमार अधिकारी

प्रदेश सरकारको सचिव

मुद्रणः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.२५।-